नेपाल सरकार

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

# राजस्व अनुसन्धान विभाग

हरिहरभवन, पुल्चोक, ललितपुर

# प्रेस विज्ञप्ती

**सप्तरी जिल्ला घर भइ हाल काठमाण्डौ महानगरपालिका -८ वस्ने देवी इम्पोर्ट एण्ड एक्सपोर्ट(स्थायी लेखा नं६०६१६७४७१) का प्रोपाइटर वर्षीका देवी भगतले कपडा भन्सार चोरी पैठारी गरी राजस्व चुहावट गरेको अभियोगमा १ करोड २६ लाख विगो कायम गरी काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६/०८/०५ गते मुद्दा दायर गरिएको।**

प्रतिवादी देवी इम्पोर्ट एण्ड एक्सपोर्टले भारतबाट कपडा र कपडाजन्य मालवस्तु भन्सार चोरी पैठारी (मौज्दात न्यून तथा वढी समेत) गरी राजस्व चुहावट गरेको अभियोगमा भन्सार तर्फ **रु. २३,०८,३६३।-**, मुल्य अभिबृद्धिकर तर्फ **रु. २८,०१,४८३।-** र आयकर तर्फ रु. **७५,१३,९५९।-** समेत गरि राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम विगो जम्मा रकम **रु. १,२६,२३,८०५।- (एक करोड छब्बिस लाख तेइस हजार अठ साय पाँच)** राजस्व चुहावट गरेको वारदात स्थापित हुन आएकोले राजस्व चुहावट गरेको कसुरमा देवी इम्पोर्ट एण्ड एक्सपोर्ट (स्थायी लेखा नं ६०६१६७४७१) का प्रोप्राइटर वर्षीका देवी भगतलाई उल्लिखित कसुर अपराधमा राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २३ को उपदफा (१) र (३) वमोजिम विगो रकम रु. **१,२६,२३,८०५।-** असुल उपर गराई विगोको दोब्बर सम्म जरिवाना गरी ३ वर्षसम्म कैद सजाय हुन माग दावी लिई काठमाण्डौ जिल्ला अदालतमा मिति २०७६।०८।०५ गते मुद्दा दर्ता गरिएको ।

**सूचना अधिकारी**

राजस्व अनुसन्धान विभाग